# उच्च अदालत पाटन
## हरिहरभवन, ललितपुर

फोन नं. ५५२७८१६, ५५२७८१७, ५५२७६६९, ५५२७८९१, ५-५२७८९२


पत्र संख्याः- ०७६/७७
च.नं. ८६८

मितिः- २०७७।२।२२

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री मातहत जिल्ला अदालत सबै।

प्रस्तुत विषयमा, कोरोना भाईरसको महामारीको नियन्त्रण र रोकथामका लागि सम्मानित सर्वोच्च अदालतको पूर्ण बैंठकको निर्णयानुसार सीमित कामकारवाही र सेवा प्रवाह भैरहेको विदितै छ। अदालतबाट प्रदान गरिने सेवा महामारी र बन्दाबन्दीको कारण पूर्ण रुपमा सञ्चालन गरिने अवस्था समेत थिएन। लामो समय देखिको बन्दाबन्दीको कारण स्थगन रहेका न्याय सम्पादनसंग सम्बन्धित कामकारवाही अनिश्चित समयसम्म स्थगन गरिरहँदा सेवाग्राहीहरुमा असुविधा पर्न जाने र सम्मानित सर्वोच्च अदालतको पूर्ण बैंठकको मिति २०७७।२।१५ को निर्णयले क्रमिक रुपमा थप काम कारवाही गर्दै जानुपर्ने देखिएकोले यस अघि सम्पादन भैरहेको र अब गर्न सकिने कामकारवाहीमा सम्बन्धित जिल्ला वार ईकाई र जिल्ला सरकारी वकील कार्यालय लगायतका सरोकारवाला समेतसंग समन्वय र छलफल गरी निश्चित सामाजिक दुरी कायम गरी स्वास्थ्य सुरक्षा सम्बन्धी सावधानी अपनाई तत्काल गर्न सकिने कामकारवाहीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको पूर्ण बैंठकको निर्णयानुसार यस अदालतका माननीय मुख्य न्यायाधीश श्री नहकुल सुबेदीज्यूको अध्यक्षतामा मातहत जिल्ला अदालतका उपलव्ध माननीय जिल्ला न्यायाधीश र श्रेस्तेदारको उपस्थितिमा मिति २०७७।२।२१ मा सम्पन्न बैंठकबाट देहाय बमोजिमका थप काम कारवाही गर्ने गरी निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

२०७७।२।२२

शम्भु प्रसाद रेग्मी
उप-रजिष्ट्रार

देहायः-

१. सर्वोच्च अदालतको पूर्ण बैंठकको निर्णयानुसार बन्दाबन्दीको अवधिमा गरिदै आएका कामकारवाही यथावत रुपमा गर्ने।
२. न्याय सम्पादन र सुनुवाईमा अधिक समय नलाग्ने प्रक्रियागत कार्यको रूपमा रहेको मिलापत्र, मुद्दा फिर्ता, पक्षले तारेख छोडेका डिसमिस र तामेली लगायतका कामकारवाही गर्ने।
३. बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकी अभियोगपत्रमा दावी लिईएको सजाय भन्दा बढी कैद अवधि थुनामा बसेको वा बस्न सक्ने अवस्थाका प्रतिवादीका हकमा प्रमाण बुझी अङ्ग पुगिसकेको भए त्यस प्रकृतिको मुद्दाको सुनुवाई प्रारम्भ गर्ने।
४. मुद्दामा प्रमाण बुझी अङ्ग पुगिसकेका र सुनुवाईका प्रकृयामा अदालतको आदेशले बालसुधार गृहमा रहेका बालबालिका मात्र सलग्न रहेका फौजदारी मुद्दा हेर्ने।

५. जिल्ला अदालतबाट सम्पादन हुने विशेष प्रकृतिका निवेदनमध्ये दर्ताद्धारा विवाह सम्बन्धी निवेदनको कामकारवाहीहरूसम्म आफ्नो अदालतको कार्यबोझ र सो कार्यका लागि उपस्थित हुन सक्ने सरोकारवालाको संख्या र स्वास्थ्य सुरक्षा समेतलाई ध्यानमा राखी निश्चिच संख्या तोकी कार्य प्रारम्भ गर्ने।

६. कसूर कायम भै सजाय पूर्वको प्रतिवेदन प्राप्त भैसकेको वा सहज रुपमा प्राप्त हुने अबस्थाका सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दाहरुको आफ्नो अदालतको कार्यवोझ समेत विचार गरी सुनुवाई प्रारम्भ गर्ने।

७. अर्ध न्यायिक निकायले गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम पर्न आएका निवेदनमा सुनुवाई गर्ने।

८. दशीका रुपमा अभियोगपत्र साथ पेश भै आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका सामान फिर्ता माग गर्न आएमा फिर्ता दिने सम्बन्धी कारवाही गर्ने।

९. यस बाहेक अदालतको भौतिक अवस्था, कार्यवोझ र व्यवस्थापकीय पक्ष समेतलाई विचार गरी सम्बन्धित अदालतबाट सरोकारवालासंग छलफल र समन्वय गरी आवश्यक र उपयुक्त देखिएका थप कामकारवाही समेत उच्च अदालत / इजलासको मुख्य न्यायाधीश / मुख्य भई काम गर्ने न्यायाधीशसंगको समन्वय र निर्देशनमा कार्य सम्पादन गर्दै जाने।